Airlines Operators Association of Nepal
वायुसेवा संचालक संघ, नेपाल
संस्था दर्ता नं. : ६९२/०५५/०५६
पान नं. : ३०२२९२३०३
स.क.प.द.नं.: ..........................

*"Flight Safety is our Commitment"*

# प्रेस विज्ञप्ति

मिति २०८१।०४।०९ गते बुधवारका दिन विहान यस संघका सदस्य वायुसेवा कम्पनी श्री सौर्य एयरलाइन्स प्रा.लि.को 9N AME जहाज मर्मतका लागि काठमाडौबाट पोखरा उड्ने क्रममा त्रिभुवन विमानस्थलमा दुर्घटना भई विमानमा सवार क्याप्टेन बाहेक अन्य सम्पूर्ण यात्रुहरुको दुःखद् निधन प्रति यो संघ हार्दिक समवेदना व्यक्त गर्दछ । साथै दुर्घटनामा गम्भिर घाईत भई उपचारत क्याप्टेन मनिष रत्न शाक्यको सिघ्र स्वास्थ्य लाभको कामना समेत गर्दछौ । घटना/दुर्घटना काबु वाहिरको परिस्थितिमा हुने र यस्ता विषयहरु व्यक्ति विशेष, कम्पनी लगायत नियमनकारी निकाय कसैले चाहेर पनि हुने होइन र यो कसैको नियन्त्रणमा नहुने हुदाँ दुर्घटनालाई आधार बनाई विभिन्न माध्यमहरुमा सदस्य वायुसेवा कम्पनीहरुको हवाई सुरक्षालाई तथा नेपाल नागरिक उड्डयन प्राधिकरणको नियमनकारी भूमिका प्रति गरेको टिकाटिप्पणीका सम्वन्धमा यस संघको गम्भिर ध्यानाकर्षण भएको छ ।

अन्तराष्ट्रिय नागरिक उड्डयन संगठनले निदृष्ट गरेको प्रावधान अनुरुप यस वायुसेवा संचालक संघ, नेपाल, संघका सदस्य वायुसेवा कम्पनीहरु तथा नेपाल नागरिक उड्डयन प्राधिकरण सदैव उड्डयन सुरक्षा तथा हवाई सुरक्षामा अत्यन्त संवेदनशिल रहेको छ । प्राधिकरणका प्राविधिक टोलीले हवाई सुरक्षाका लागि दिने उपयुक्त सुझावहरु अनुशरण गर्दै सदस्य वायुसेवा कम्पनीहरुले अक्षरस पालना गर्नुका साथै नियमनकारी निकाय नेपाल नागरिक उड्डयन प्राधिकरणबाट प्राप्त हुने निर्देशनहरु पूर्ण रुपमा पालना भए नभएको बारे सम्वन्धित निकायले समय समयमा अनुगमन गर्ने गरेको व्यहोरा आम जनसमुदाय तथा यात्रु महानुभावहरुलाई जानकारी गराउदछौ । संघ तथा नेपाल नागरिक उड्डयन प्राधिकरण हवाई सुरक्षामा सदैव प्रतिवद्ध रहेको व्यहोरा समेत जानकारी गराउन चाहन्छौं । हवाई सुरक्षा लागतसँग तुलना नहुने र सुरक्षाका लागि जस्तोसुकै मूल्य व्योहोर्न पनि संघ, सदस्य वायुसेवा कम्पनीहरु तथा नेपाल नागरिक उड्डयन प्राधिकरण हरपल तयार रहेको व्यहोरा अवगत गराउदै यस प्रकारको भ्रामक तथा कपोलकल्पित समाचार प्रकाशित हुनु अत्यन्त दुःखद् रहेको र कुनै पनि समाचार वा विचार प्रकाशित गर्नु पूर्व संम्वन्धित सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय गरी सत्य तथ्य समाचार प्रकाशित गरिदिनु हुन समेत यो संघ सम्वन्धित सबैमा हार्दिक अपिल गर्दछ।

हालका दिनहरुमा संघ तथा नेपाल नागरिक उड्डयन प्राधिकरणवाट भए गरेका काम कारवाहीहरु तथा घटना/दुर्घटनाको सीमित स्वार्थ परिपूर्तिका लागि नकारात्मक रुपमा टिकाटिप्पणी गरी कुनै एक व्यक्ति वा संस्थाको कार्यप्रति भ्रम फैलाउने कार्य भई रहेकोले संघ तथा नेपाल नागरिक उड्डयन प्राधिकरणको आधिकारिक धारणा नआएसम्म यस्ता भ्रमपूर्ण समाचारहरु प्रति विश्वास नगरिदिनु हुन समेत यसै प्रेस विज्ञप्ति मार्फत सम्वन्धित सबैमा यो संघ हार्दिक अपिल गर्दछ ।

मिति २०८१।०४।१५

भवदीय,

मनोज कार्की
अध्यक्ष

Gaushala, Kathmandu, Tel: 015902009, 014590856, Web site : www.aoan.org.np, Email: aoan2055@gmail.com